# महालेखा परीक्षकको कार्यालय

## Office of the Auditor General

(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

पत्र संख्या: २०७३।०७४ मिति: २०७४।१२।२५

च.नं.१४०१

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,

छिपहरमाई गाउँपालिका, पर्सा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/११/०३ मा जारी गरीएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना १ यसैसाथ छ । प्रारम्भिक प्रतिवेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्हिोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुनअनुरोध गरीएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
दर्ता नं. : ६२८
दर्ता मिति: २०७५।१।२९

Generated by CamScanner

मिति २०७४।१२।२५

श्री अध्यक्ष ज्यू,
छिपहरमाई गाउँपालिका, पर्सा ।

## लेखापरीक्षण प्रतिवेदन

यसकार्यालयबाट छिपहरमाई गाउँपालिका, पर्साको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. कानूनले तोकेको कार्यविधि पुरा नगरी भएको कारोवारको नियमित गर्नुपर्ने रु.८१ लाख ७७ हजार र पेश्की रु.४ करोड ३२ लाख १४ हजार फछ्यौट हुन बाँकी रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु वाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

Generated by CamScanner

# छिपरमाई गाउँपालिका, पर्सा

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४६ लाख १३ हजार र यो वर्ष आय रु.५ करोड ७ लाख ३० हजार समेत रु.५ करोड ५३ लाख ४३ हजार आम्दानी भएकोमा रु.५ करोड १० लाख ८६ हजार खर्च भई रु.४२ लाख ५७ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **संचित कोष :** नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.८११२९०६।- सर्वसंचित कोषमा दाखिला गरेको छैन ।

२. **फ्रिज :** सामाजिक सुरक्षा भत्ता वितरण नभई बाँकि रहेको रकम नेपाल सरकारको संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको पेश्की फरछ्यौंट गर्दा फिर्ता भएको रु.४८,०००।- सर्व संचित कोषमा दाखिला गरेको छैन ।

३. **धरौटी :** यो वर्ष गाउँपालिकाले रु.१६,४६६।- धरौटी प्राप्त गरेको छ । उक्त रकमको दाखिलाको बैंक प्रमाण पेश भएको छैन ।

४. **आन्तरिक पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) मा सरकारी कामको लागि पेश्कि दिनु पर्दा आवश्यक हो होइन यकिन गर्नुपर्दछ । यो वर्ष कार्यालयले संघीय संरचना सुधारकव लागि सम्पुर्ण कार्य गरी रकम मौज्दात रहेको अवस्थामा वडा नं ४ तुलसीबर्वाको नाममा आन्तरिक आयतर्फको रु.१,८७,०००।- पेश्की खर्च लेखेको छ । खास प्रयोजन विनाको पेश्की लेखापरीक्षण अवधि २०७४।१०।२४ सम्म फछ्यौंट गरेको छैन ।

५. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) मा लागत खडा गरी राखिएको जिन्सी माल सामान के कस्तो अवस्थामा छन् । कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले व अन्य कर्मचारी वा प्राविधिकबाट निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले रु.४६,७१,२८३।- को सामान खरिद गरेकोमा जिन्सी बार्षिक निरीक्षण गरेको छैन ।

६. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ (३) मा स्वीकृत कामको लागि दिएको पेश्की म्याद भित्र फछ्यौट गर्न गराउनु पेश्कि लिने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपालिकाले विभिन्न कामको लागि वडा कार्यालयहरुलाई दिएको पेश्की रु.४३०२६९०९।-फछ्यौट भएको छैन ।

७. **लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गाउँ विकास समितिले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सुवर्णपुर गाउँपालिका (हाल ठोरी गाउँपालिका) अन्तर्गतका निम्न गा.वि.स. हरुले २०७३।४।१ देखि २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन । यस सम्बन्धमा सम्बन्धित कार्यकारी अधिकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लिएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गाविस सचिवले नियमानुसार बरबुभझारथ नगरेको र श्रेस्ता कागजात साविक गाविस सचिव हाल वडा सचिव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नसकिएको जनाएको छ । साविक गाविस मिर्जापुर, सम्भौता, जयमंगलापुर, भिस्वा तुलसीबर्वा समेत ५ वडा सचिवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

गाउँपालिकाको लेखापरीक्षणबाट रु.५ करोड १३ लाख ९१ हजार बेरुजू फछ्यौट गर्न बाँकी रहेको छ। सोमध्ये नियमित गर्नुपर्ने रु.८१ लाख ७७ हजार र पेश्की रु.४ करोड ३२ लाख १४ हजार रहेको छ।



Generated by CamScanner